यौनशिक्षा-२

आयुर्वेद आदि

नपुंसकता

सङ्कलन : मोहन प्रसाद सापकोटा

सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा

थोरै कुरा

यस भागमा अनेक थरी नपुंसकताका बारेमा बताइएको छ । सन्तान जन्माउन र यौन सन्तुष्टि लिन एउटै प्रकृया नअपनाउनु , सन्तान नपुंसक भएर जन्मन सक्दछ आदि जस्ता कुरा यस भागमा छन् । सङ्कलनको क्रम जारि रहेकोले बीच बीचमा खाली नै राखिएको छ ।

कुन नपुंसकताको उपचार हुन्छ र कुन नपुंसकताको उपचार हुँदैन भन्ने कुरा पनि यस भागमा छन् । हामीले सामान्य मानि आएका कतिपय सहवासका विधि पनि नपुंसक सन्तान जन्मने कारण हुन सक्दछ भन्ने कुरा पनि यस भागबाट थाहा पाउनु हुनेछ ।

उपचारका सामान्य कुरा यस भागमा छन् तर नपुंसकताको मूल उपचार वाजीकरण हो र यो पछि अर्को भागमा बताइनेछ । रोग लागेर नपुंसकता हुँदा भने सबभन्दा पहिला सोही रोगको उपचार गर्नुपर्ने कुरा गरिएका छन् ।

तपाईँहरूकै चाहना अनुसारससाना पुस्तिका बनाएर राख्ने जमर्को गरेको हुँ । यौन शिक्षा अन्तर्गतको यो दोश्रो भाग हो । सहवास, ग्राम्यधर्म आदि शब्द मैथुनका पर्यायवाची शब्द हुन् । संयमित भएर अध्ययन गर्नु होला ।

सम्पादनका क्रममा भएका भूलचूक माफ गरी सुध्रन सहयोग गर्नु होला । अस्तु ।

विषयसूची

विषयसूची समाप्त भयो

नपुंसकको पारंभाषा र लक्षण

(क) चरक संहिता :

...तस्य शृणु सामान्यलक्षणम्॥ सङ्कल्पप्रवणो नित्यं प्रियां वश्यामपि स्त्रियम् ।
न याति लिङ्गशैथिल्यात्कदाचिद्याति वा यदि॥ श्वासार्तः स्विन्नगात्रश्च मोघसङ्कल्पचेष्टितः ।
म्लानशिश्नश्च निर्बीजः स्यादेतत्क्लैब्यलक्षणम्॥ सामान्यलक्षणं ह्येतद्...।

दिनहुँ ग्राम्यधर्ममा संलग्न हुने चाहना भएर पनि एवं प्रिय र आफू अनुकूलकी पत्नी हुँदाहुँदै पनि जो आफ्नो जननेन्द्रियको शिथिलताले गर्दा ग्राम्यधर्ममा सहभागी हुँदैन; केहीगरी सहभागी हुन खोजेपनि जसको सास फुलेर रोकिएला जस्तो हुन्छ, शरीर पसिनाले लतपत हुन्छ, चाहना र उद्देश्य असफल हुन्छ; जननेन्द्रिय शिथिल हुन्छ र उत्तेजित हुँदैन तथा जोसँग शुक्र नै हुँदैन वा कम हुन्छ यस्तो अवस्था हुनु भनेको नपुंसकताको लक्षण हो । यी नपुंसकताका सामान्य लक्षणहरू हुन् ।

(ख) भावप्रकाश संहिता :

क्लीबः स्यात्सुरताशक्तस्तद्भावः क्लैब्यमुच्यते ।

जुन् पुरुष ग्राम्यधर्ममा संलग्न हुन असमर्थ हुन्छ उसलाई क्लीब वा नपुंसक भनिन्छ । यस्तो अवस्थालाई **नपुंसकता वा क्लैब्य** भनिन्छ ।

(ग) माधव निदान :

यः स्यादशक्तः सुरते मनुष्यः स क्लीव उक्तः किल वैद्यवृन्दैः ।
क्लैव्यं तु तद्भाव इहोपदिष्टं तल्लक्ष्म सामान्यमथो ब्रवीमि॥
न यात्यधीनां प्रमदामपि स्वकामुपस्थशैथिल्यनिमित्ततः स्वयम् ।
अथो कदाचिद् यदि याति कुत्रचित् श्वासात्तिमान् स्विन्नतनुस्तदानीम्॥
सङ्कल्पवैफल्ययुतोऽपि मोघ-सञ्चेष्टितः संश्लथलिङ्गवीर्यः ।
तथा च निर्बीजतया समन्वितो भवत्यवश्यं प्रमदासमीपे॥

वैद्यजनका अनुसार जो मानिस ग्राम्यधर्ममा संलग्न हुन असमर्थ हुन्छ उसलाई नपुंसक भनिन्छ, यो अवस्था वा रोगलाई **नपुंसकता वा क्लैब्य** भनिन्छ । आफ्नो अधीनमा रहेकी स्त्रीसँग पनि सहवासका लागि नजानु, कहिलेकाहीँ गएपनि सास फुल्नु, पसिनाले शरीर भिज्नु र सोचेजस्तो सन्तुष्टी नपाउनु, असफल प्रयाश हुनु, जननेन्द्रिय शिथिल हुनु र वीर्यरहीत हुनु वा वीर्यमा उत्पादकत्व नहुनु : यी नुपुंसकताका सामान्य लक्षणहरू हुन् ।

इत्थं विकृतिविकारा अष्टावेते नपुंसकाः कथिताः । प्राक्तनदुष्कृतिजन्यास्ते विज्ञेया ध्रुवं विज्ञैः॥

द्विरेत नपुंसक आदि आठ थरी नपुंसकतालाइ नपुंसकको “विकृतिविकार” भनिन्छ र यी पूर्वजन्मको कर्मको फलले गर्दा (मातापिताको गल्ती) हुने गर्दछन् ।

(ग) सुश्रुत संहिताका हिन्दी अनुवादक एवं टीकाकार अत्रिदेव :

पुरुष जेजस्ता कारणले नपुंसक हुन्छ, प्रायः तिनै कारणले स्त्री पनि नपुंसक हुन्छे । यसैले वाजीकरणका लागि पुरुषलाई बताइएका उपचार विधि स्त्रीका लागि पनि हुन् भनी थाहा पाउनु पर्दछ ।

नपुंसकताका प्रकार

(क) कामसूत्र, वात्स्यायन, औपरिष्टप्रकरण, अध्याय ९ :

द्विविधा तृतीया प्रकृतिः स्त्रीरूपिणी पुरुषरूपिणी च॥

स्त्रीरूपधारी र पुरुषरूपधारी गरी नपुंसक (तेश्रोलिङ्गी) दुई प्रकारका हुन्छन् ।

(ख) चरक संहिता :

बीजध्वजोपघाताभ्यां जरया शुक्रसंक्षयात् । क्लैब्यं सम्पद्यते ...।

वीर्यमा हुने रोग वा चोटले, जननेन्द्रियमा हुने रोग वा चोटले, बूढचौलीले र वीर्य क्षीण हुनाले नपुंसकता हुने गर्दछ ।

रेतोदोषोद्भवं क्लैब्यं यस्माच्छुद्धचैव सिध्यति ।

वीर्यमा हुने रोग (दोष)ले गर्दा नै नपुंसकता हुने गर्दछ । वीर्यलाई शुद्ध पारेपछि यो ठिक हुन्छ ।

यवमष्टौ विकृतिप्रकाराः कर्मात्मकानामुपलक्षणीयाः॥

गर्भका यी द्विरेत आदि विकृतिले आठ षण्डजन्महरु (सहवास) कर्मको विचित्रताले हुने गर्दछ ।

व्याख्या : अर्थात् गर्भदोषका कारण (विधिपूर्वक सहवास नगरी गर्भ बस्न जाँदा) आठ प्रकारका नपुंसक हुने गर्दछन् । ती षण्ढ, संस्कारवाही, वातेन्द्रिय, नरषण्ढ वा नारीषण्ढ, वक्रध्वज, इर्ष्यारति र वातिक षण्ढ हुन् ।

(ग) नारदीयमनुसंहिता :

चतुर्दशविधः शास्त्रे षण्ढो दृष्टो मनीषिभिः ।

विद्वानहरुले चौध प्रकारका नपुंसक निश्चित गरेका छन् ।

निसर्गषण्ढो वध्रश्च पक्षषण्ढस्तथैव च । अभिशापाद् गुरो रोगाद्देवक्रोधात्तथैव च॥
ईर्ष्याषण्ढश्च सेव्यश्च वातरेता मुखेभगः । आक्षिजो मोघवीजश्च शालीनोऽन्यापतिस्तथा॥

(१) स्वभावले वा जन्मजात नपुंसक (२) जन्मजात नपुंसक अर्थात प्रजनन अङ्गहरु काम लाग्ने नभएको नपुंसक, (३) महिनामा एक पक्ष (पन्ध्र दिन) सम्भोगको शक्ति नहुने नपुंसक (४) गुरुको श्रापले गर्दा

भएको नपुंसक, (५) रोगले गर्दा भएको नपुंसक, (६) देवताको रिसले गर्दा भएको नपुंसक, (७) नारीका प्रति विद्वेषताका कारणले हुने नपुंसक, (८) नारीको सेवा गर्नाले हुने नपुंसक, (९) ग्राम्यधर्ममा संलग्न हुँदा वीर्यको साटो वायुमात्र निक्लने नपुंसक, (१०) मुखमा सम्भोग गर्ने खालको नपुंसक, (११) वीर्यत्याग गर्ने बेलामा वीर्य स्खलन नभई भित्रै अड्किएर बस्ने खालको नपुंसक, (१२) शुक्रबाट गर्भ उत्पन्न नहुने खालको नपुंसक, (१३) ग्राम्यधर्ममा संलग्न हुँदा जननेन्द्रिय नउठ्ने नपुंसक र (१४) आफ्नी पत्नीलाई छाडी परायास्त्रीमा रम्ने खालको नपुंसक गरी चौध थरी नपुंसक हुन्छन् ।

(घ) भावप्रकाश संहिता :

तच्च सप्तविधं प्रोक्तं ...॥
आसेक्यश्च सुगन्धी च कुम्भीकश्चेष्यर्यकस्तथा । अमी सशुक्रा बोद्धव्या अशुक्रः षण्ढसंज्ञकः॥

नपुंसकता सात किसिमको हुन्छ । मानसिक, पित्तजन्य, वीर्यक्षयजन्य, रोगजन्य, शिराच्छेदजन्य, शुक्रस्तम्भजन्य र सहज । आसेक्य, सुगन्धी, कुम्भीक र इर्ष्यक नपुंसक वीर्य सहितका हुन्छन् भने षण्ढमा वीर्य हुँदैन ।

(ङ) माधव निदान :

बीजोपघातात्तदनु ध्वजोपघाताज्जरातोऽपि च शुक्रसंक्षयात् ।
इत्थं प्रजायेत चतुर्विधं हि क्लैव्यं पुराणैर्ऋषिभिः प्रदिष्टम्॥

प्राचीन ऋषिहरूका अनुसार वीर्यमा कुनै रोग वा चोट लाग्नाले, जननेन्द्रियमा कुनै रोग वा चोट लाग्नाले, कुनै (अन्य) रोगले र शुक्र नाश हुनाले गरी चार प्रकारको नपुंसकता हुन्छ ।

(च) हारीत संहिता :

क्लैब्यं पञ्चविधं प्रोक्तं ....॥

पाँच प्रकारका नपुंसकता हुन्छन् ।

निरोधातिव्यवायेन वयःश्रान्तेऽपि मानवे । जायते रेतसो हानिः क्लीबत्वञ्चापि जायते॥

मैथुनको चाहना रोक्नाले वा अति मैथुन गर्नाले वा उमेर थकित भएपछि वीर्य कम भएर वा नासिएर नपुंसकता हुने गर्दछ ।

त्रिविधं जायते क्लैब्यं मानसं रेतसः क्षयात् । सहजं शुष्कसंस्वेदाज्जायते क्लीबता नरे॥

मानिसमा मानसिक, वीर्यक्षयले हुने र सुक्खा पसिनाका कारण हुने गरी तीन किसिमका नपुंसकता हुन्छन् ।

आफू मर्द भएको प्रमाणित भएपछि मात्र पुरुषले विवाह गर्नू

(क) **नारदीयमनुसंहिता :**

परीक्ष्य पुरुषः पुंसत्वे निर्जैरेवाङ्गलक्षणैः । पुमाँश्चेदविकल्पेन स कन्यां लब्धुमर्हति॥

आफ्नो अङ्गलक्षणले पुरुषत्व आफैँले जाँचेर मर्द भएको निश्चित भएपछि मात्र पुरुषले कन्या ग्रहण गर्न (विवाह गर्न) सक्दछ ।

सुवद्धजत्रुजान्वस्थिः सुबद्धांसशिरोरुहः । स्थूलधाटास्तनूरूत्वगविलम्ब्रगतिस्वरः॥
रेतोस्योत्प्लवते नाप्सु ह्यादि मुत्रञ्च फेनिलम् । पुमान् स्याल्लक्षणैरेतैर्विपरीतैस्तु षण्ढकः॥

जसका घुँडाका र काँध भित्रका हाड बलिया र ठूला छन्, निधार माथिका कपाल बलिया छन्, जिब्रोको फेद मोटो छ, छाला र शरीर रौँमय छ, गति र स्वर सबल छ, जसको वीर्य पानीमा घुल्दैन तथा स्वावाभिक पिसाब फिँजले युक्त हुन्छ त्यो मर्द हो नत्र नपुंसक हो ।

अपत्यार्थं स्त्रियः सृष्टाः स्त्री क्षेत्रं वीजिनः नराः । क्षेत्रं बीजवते देयन्नाबीजी क्षेत्रमर्हति॥

सन्तानका लागि नै स्त्रीको सृष्टि भएको हो । स्त्री खेत र पुरुष बीजधारी हो । बीजधारीलाई खेत दिनू, बीज नहुनेले खेत कमाउने अधिकार छैन, सक्दैन । (अर्थात् नपुंसक स्त्री वा पुरुषलाई विवाहको अधिकार छैन) ।

अन्यापति नपुंसक

(क) नारदीयमनुसंहिता :

आफ्नी पत्नीलाई छाडी परायास्त्रीमा मात्र रम्ने खालको पुरुष नपुंसकलाई "अन्यापति" भनिन्छ ।

(यसैगरी आफ्नो पतिलाई छाडी परपुरुषसँग मात्र रम्ने खालकी स्त्री नपुसंकलाई "अन्यापत्नी" भनिन्छ ।) ।

अन्यस्यां यो मनुष्यः स्यादमनुष्यः स्वयोषिति । लभेत सान्यं भर्तारमेतत् कार्यं प्रजापतेः ॥

जो पुरुष अरु स्त्रीका साथ पुरुषोचित कार्य गर्दछ तर आफ्नी स्त्रीका साथ गर्दैन त्यस्तो पतिकी स्त्रीले त्यो पतिलाई त्याग गर्नका लागि प्रजापतिले निर्देशन दिएका छन् । (यही नियम अन्यापत्नीका हकमा पनि लागु हुन्छ) ।

आांक्षज नपुंसक

(क) नारदीयमनुसंहिता :

वीर्यत्याग गर्ने बेलामा वीर्य स्खलन नभई भित्रै अड्किएर बस्ने खालको नपुंसकलाई "आक्षिज नपुंसक" भनिन्छ ।

आसेक्य वा मुखयोनि वा मुखेभग नपुंसक

(क) अष्टाङ्ग सङ्ग्रह :

यदाऽल्पबीजोऽल्पबलः पुमानुद्वेगः स्त्रीद्वेषयुक्तोऽन्यकामो वा नार्या व्यवायप्रतिघातं करोति तद्विधा वा नारी पुंसः । तदाऽऽआसेक्यम् । तच्शुक्रास्वादाद्ध्वजोच्छायं लभते ॥

जब कम शुक्र र कम बल भएको पुरुष मैथुनको उद्वेग हुँदा स्त्रीप्रति द्वेष राख्दै अथवा मनले अर्कीलाई चाहँदै ग्राम्यधर्ममा संलग्न हुन्छ, उसले स्त्रीलाई सन्तुष्ट पार्न सक्दैन । यसरी नै स्त्रीको मन अन्यत्र गएको वा पुरुषसँग द्वेष गर्ने अवस्था भए उसले पुरुषलाई तृप्त पार्न सक्दिन । यस्तो मैथुनबाट आसेक्य नामक नपुंसक पैदा हुन पुग्दछ । यस्ता नपुंसक आफ्नो वा अरुको शुक्र खाएर मात्र मैथुनका लागि उत्तेजित हुने गर्दछन् । (चरकमा यस्ता नपुंसकलाई नरषण्ड वा नारीषण्ड भनिएको छ) ।

(ख) कामसूत्र, वात्स्यायन :

यो ग्रन्थमा यो विषयसँग सम्बन्धित विषयलाई औपरिष्टक प्रकरण भनी वर्णन गरिएको छ । जसमा यस्ता प्रकृतिका तेश्रो लिङ्गीले सन्तुष्टी लिने उपायहरू बताइएका छन् ।

(ग) चरक संहिता :

संस्कार (वाजीकरण, वस्ति, खानपान) ले यस्तो हुन्छ । मन्द एवं अल्प बीज हुने निर्बल एवं अल्प कामेच्छा भएका स्त्रीपुरुष नरषण्ड एवं नारीषण्ड जन्माउने कारण हुने गर्दछन् । जुन बेला अल्पबल भएको पुरुष अल्प कामेच्छा वा द्वेषी स्त्रीका साथ कामउद्वेगका कारण सम्भोग गर्दछ र गर्भ रहन्छ तब नरषण्ड जन्मन्छ ।

(घ) भावप्रकाश संहिता :

पित्रोस्तु स्वल्पवीर्यत्वादासेक्यः पुरुषो भवेत् । स शुक्रं प्राश्य लभते ध्वजोन्नतिमसंशयम् ॥

ग्राम्यधर्मका समयमा अतिअल्प (वा अति कमजोर) वीर्य र रजबाट जुन गर्भ बस्दछ, त्यसबाट "आसेक्य" नामक नपुंसक सन्तान जन्मन्छ । यस्तो नपुंसक अरुको वीर्य खाएर मात्र (उत्तेजित भई) ग्राम्यधर्ममा आफू संलग्न हुन सक्दछ ।

(यस्ता नपुंसकलाई अर्को शब्दमा "मुखयोनी" पनि भनिन्छ । यस्ता नपुंसकलाई अन्य पुरुष वा स्त्रीको जननेन्द्रिय चुसी वीर्यभक्षण गर्ने बानी नै परेको हुन्छ । वीर्य खान नपाउँदा यी बेचैन हुन्छन् र खाएपछि फूर्तिला हुने गर्दछन् ।

(ङ) माधव निदान :

अत्यल्पवीर्यत्वत एव तातस्य क्लीव आसेक्यपदाभिधो हि ।
सञ्जायते ना स निजध्वजोत्थानं प्राप्नुयात् प्राश्य किलान्यशुक्रम् ॥

बाबुको वीर्य अति थोरै भई जुन गर्भ बस्दछ त्यसबाट “आसेक्य” नामक नपुंसक बालकको जन्म हुन पुग्दछ । यस्ता बालकको जवान भएपछि अन्य पुरुष वा प्राणीको शुक्र चाटेपछि मात्र आफ्नो जननेन्द्रिय उत्तेजित हुने गर्दछ ।

(च) नारदीयमनुसंहिता :

मुखमा सहवास गर्ने खालको नपुंसकलाई “मुखेभग” भनिन्छ ।

(छ) सुश्रुत संहिता, हंसराज निदान :

पित्रोरत्यल्पबीजत्वादासेक्यः पुरुषो भवेत् । स शुक्रं प्राश्य लभते ध्वजोच्छ्रायमसंशयम् ॥

मातापिताको अति कम बीज हुँदा आसेक्य (मुखयोनि) नामक नपुंसकको जन्म हुन पुग्दछ । यस्ता नपुंसकलाई शुक्र खाएपछि मात्र यौन उत्तेजना उत्पन्न हुने गर्दछ ।
(आसेक्यः-आसेचयितुं-शुक्रजनकद्रव्यैः तर्पयितुं योग्यः अर्थात् शुक्रजनक मकरध्वज तथा अश्वगन्धा आदि ओखती खाएर मात्र उत्तेजित हुने पुरुषलाई आसेक्य भनिन्छ) ।

इष्यक वा दृष्टियोनि नपुंसक

(क) अष्टाङ्ग सङ्ग्रह :

यदा त्वीर्ष्याभिभूतौ मन्दहर्षौ संसृज्येते तदेर्ष्यालुरतिसंज्ञम् ।
तस्य परं मिथुनीभूतं दृष्ट्वा मैथुनप्रवृत्तिर्भवति ॥

जब स्त्री-पुरुष परस्परमा एक अर्कालाई इर्ष्या गर्दै कम उत्तेजनापूर्ण वातावरणमा ग्राम्यधर्ममा संलग्न हुन्छन् तब यसलाई इर्ष्यारति भनिन्छ । यसबेला गर्भ रहन गए "ईर्ष्यारति" नामक नपुंसकको जन्म हुन पुग्दछ । यस्तो नपुंसक अरु ग्राम्यधर्ममा संलग्न भएको हेरेर मात्र उत्तेजित हुने गर्दछ ।

(ख) चरक संहिता :

ईर्ष्याभिभूतावपि मन्दहर्षावीर्ष्यारतेरेव वदन्ति हेतुम् ॥

ईर्ष्यासहितको मन्द कामेच्छा भएका स्त्रीपुरुष ईर्ष्याले रति गर्ने नपुंसक जन्माउने कारण हुन्छन् ।

(ग) नारदीयमनुसंहिता :

नारीका प्रति विद्वेषताका कारणले हुने नपुंसकलाई "ईर्ष्याषण्ढ नपुंसक" भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

दृष्ट्वा व्यवायमन्येषां व्यावाये यः प्रवर्त्तते । ईर्ष्यकः स तु विज्ञेयो दृष्टियोनिस्तु स स्मृतः ॥

जो अरु ग्राम्यधर्ममा संलग्न भएको देखेपछि मात्र आफू उत्तेजित भएर ग्राम्यधर्ममा संलग्न हुन सक्दछन् त्यस्ता नपुंसकलाई "ईर्ष्यक" वा "दृष्टियोनि" नपुंसक भनिन्छ ।

(ङ) माधव निदान :

दृष्ट्वा व्यवायं यदि चान्यदीयं स्वयं भवेद् यः सुरते प्रवृत्तः ।
स इर्ष्यकक्लीव इह प्रदिष्टो विशिष्टतः शिष्टतमैर्भिषग्भिः ॥

जो पुरुष अरु सहवासमा संलग्न भएको देखेर मात्र आफू सहवासमा संलग्न हुने गर्दछ, त्यस्तो पुरुषलाई "ईर्ष्यक नपुंसक" भनिन्छ ।

यौ स्त्रीपुंसौ मैथुनं मन्दहर्षौ कुर्यातां चेदीर्ष्यया चाभिभूतौ ।
तौ तु प्रायो वैद्यवृन्दैर्निमित्तं सङ्कथ्यतेर्ष्यारतेरेव लोके ॥

जब स्त्री-पुरुष कम प्रसन्न हुँदै परस्पर इर्ष्या गरी सहवास गर्दछन् र त्यसबाट गर्भ रहन पुग्दछ तब जन्मने बालक "ईर्ष्यारति" नामक नपुंसक हुन पुग्दछ ।

(च) सुश्रुत संहिता :

दृष्ट्वा व्यवायमन्येषां व्यवाये यः प्रवर्तते । ईर्ष्यकः स तु विज्ञेयः षण्ढकं शृणु पञ्चमम् ॥

जो पुरुष अरुले सहवास गरेको देखेर मात्र उत्तेजित भई सहवासमा संलग्न हुने गर्दछ त्यसलाई ईर्ष्यक भनिन्छ । (यस्ता सन्तान तब जन्मन्छन् जब पतिपत्नी एकआपसमा ईर्ष्या गर्दै ग्राम्यधर्ममा संलग्न हुने गर्दछन् ।) ।

(छ) हंसराज निदान :

दृष्ट्वा व्यवायमन्येषां व्यवाये यः प्रवर्त्तते । ईर्ष्यकः स तु विज्ञेयो दृग्योनिरयमीर्ष्यकः ॥

जुन् पुरुष अरु सहवासमा संलग्न गरिरहेको हेरेर मात्र उत्तेजित भई आफू सहवासमा संलग्न हुन्छ, त्यसलाई ईर्ष्यक वा दृग्योनि नपुंसक भनिन्छ ।

कुम्भीक वा गुदयोनि नपुंसक

(क) भावप्रकाश संहिता :

स्वे गुदेऽब्रह्मचर्य्याद्यः स्त्रीषु पुंवत्प्रवर्त्तते । स कुम्भीक इति ज्ञेयो गुदयोनिस्तु स स्मृतः ॥

जो पुरुष अरु पुरुषबाट आफ्नो मलद्वारमा सहवास गर्न लगाई अनि मात्र आफू सहवासमा संलग्न हुन सक्दछ त्यस्ता नपुंसकलाई "कुम्भीक" वा "गुदयोनि" नपुंसक भनिन्छ ।

(ख) माधव निदान :

यः स्वे गुदे मैथुनमन्यपुंसा विधाप्य पुंवत् प्रमदासु सर्वदा ।
यदि प्रवर्त्तेत तदा भिषग्भिर्ज्ञायेत कुम्भीकनपुंसकः सः ॥

जुन् पुरुष आफ्नो मलद्वारमा अरुबाट सहवास गराई अनि मात्र स्त्रीसँग सहवासमा संलग्न हुने गर्दछ त्यस्ता पुरुषलाई "कुम्भीक नपुंसक" भनिन्छ ।

(ग) सुश्रुत संहिता, हंसराज निदान :

स्वे गुदेऽब्रह्मचर्याद्यः स्त्रीषु पुंवत् प्रवर्तते । कुम्भीकः स तु विज्ञेयः ईर्ष्यकं ... ॥

जो पुरुष अब्रह्मचर्यका कारण स्त्रीमा तिनको मलद्वारमा पुरुषजसरी सहवास गर्दछ त्यसलाई "कुम्भीक" (गुदयोनि) भनिन्छ । अथवा जो मानिस आफ्नो मलद्वारमा सहवास गराई त्यसपछि मात्र उत्तेजित भएर स्त्रीलाई सहवास गर्दछ उसलाई "कुम्भीक" भनिन्छ । यसो नगरी उ उत्तेजित नै नहुने खालको हुन्छ ।

धातुक्षयजन्य नपुंसक

(क) **चरक संहिता :**

... चतुर्थं क्षयजं शृणु । अतीव चिन्तनाच्चैव शोकात्क्रोधाद्भयादपि ॥
ईर्ष्योत्कण्ठामदोद्वेगान्सदा विशति यो नरः । कृशो वा सेवते रूक्षमन्नपानं तथौषधम् ॥
दुर्बलप्रकृतिश्चैव निराहारो भवेद्यदि । असात्म्यभोजनाच्चापि हृदये यो व्यवस्थितः ॥
रसः प्रधानधातुर्हि क्षीयेताशु ततो नृणाम् । रक्तादयश्च क्षीयन्ते धातवस्तस्य देहिनः ॥
शुक्रावसानास्तेभ्यो हि शुक्रं धाम परं मतम् ।

अब चौथो क्षयजन्य नपुंसकताका बारेमा सुन । अति धेरै चिन्ता, शोक वा डरले; ईर्ष्या, उत्कण्ठा र मदको वेगले वा यी कुराले ग्रस्त भइरहनाले; दुब्लो पुरुषले रुखो खानपिन र रुखो ओखती खानाले; स्वभावैले दुब्लो हुँदा पनि नखाएर बस्नाले वा कम खानाले तथा शरीरले नसहने खालका खाना खानाले मुटुमा रहेको मुख्य धातु रस चाँडै खिइन्छ । यसको कारणले रगतदेखि वीर्यसम्मका सबै धातु पनि उसका खिइन थाल्दछन् । यी सबै धातुहरूमा वीर्य नै वास्तवमा अति तेज हुने गर्दछ । (यो क्षयजन्य नपुंसकता हो) ।

चेतसो वाऽतिहर्षेण व्यवायं सेवतेऽति यः ॥
तस्याशु क्षीयते शुक्रं ततः प्राप्नोति संक्षयम् । घोरं व्याधिमवाप्नोति मरणं वा स गच्छति ॥

शुक्रं तस्माद्विशेषेण रक्ष्यमारोग्यमिच्छता । एवं निदानलिङ्गाभ्यामुक्तं क्लैब्यं चतुर्विधम् ॥

धातु क्षीण भएको जो व्यक्ति अतिकामुक भएर अत्यधिक ग्राम्यधर्ममा संलग्न हुन्छ उसको वीर्य तुरुन्त क्षीण हुन्छ र सर्वनाश हुन्छ । उसैलाई अन्य कुनै क्षयरोग जस्ता डरलाग्दा रोग पनि हुन्छ र उ मृत्युको गाँस बन्न पुग्दछ । यसैले आरोग्यता चाहने पुरुषले आफ्नो वीर्यलाई विशेष ध्यान दिएर रक्षा गर्नुपर्दछ ।

(ख) **भावप्रकाश संहिता :**

अतिव्यवायशीलो यो न च वाजीक्रियारतः । ध्वजभङ्गमवाप्नोति स शुक्रक्षयहेतुकम् ॥
(शुक्रक्षयेण तृतीयम्) ।

जो अति नै ग्राम्यधर्ममा संलग्न हुन्छ तर वाजीकरण गर्ने पदार्थ खाँदैन उसको जननेन्द्रिय पनि पछि गएर उत्तेजित नहुने बन्न सक्दछ । यस्तो नपुंसकतालाई "वीर्यक्षयजन्य नपुंसकता" भनिन्छ ।

(ग) **माधव निदान :**

क्लैब्यं सङ्कथ्यमानं त्वमिह श्रृणु तुरीयं च शुक्रक्षयोत्थम् ।
चिन्ताऽऽधिक्याच्च शोकादपि च बहुभयात्क्रोधतो वा मनुष्यः ॥

उद्वेगादीर्ष्यया वा युवांतजनमुपेयात्समुकण्ठया चेत्
किं वा कार्श्यं श्रितः सन्ननुदिनममितं रूक्षमन्नादिजातम् ।
भैषज्यं वा भजेदप्यशनविरहितो दुर्बलः स्यात् प्रकृत्या
किञ्चासात्म्यान्नपानं समधिकरसनाऽधीनतातः सदाऽद्यात्॥
मुख्यो धातू रसाख्यः स्थित इह हृदये यस्तदीये स आशु
क्षीयेताथो मनुष्यः स्वयमपि बहुशः क्षीयमाणो भवेद्धि ।
शुक्रान्ता लोहिताद्यास्तदनु ननु परं धातवस्तु क्रमेण
क्षीयेरंस्तस्य जन्तोर्मतमधिकवरं तन्न शुक्रस्य धाम॥

धेरै चिन्ता, शोक, भय, रिस, उत्तेजना, ईर्ष्या र उत्कण्ठा भई जुन् मानिस युवतीहरूसँग सहवास गर्दछ तथा दुब्लो भएर पनि हरेक दिन रुखो खानपिन गर्दछ अथवा ओखती खाने गर्दछ अथवा स्वभावैले कमजोर हुँदा पनि गतिलो खानपिन गर्दैन अनि जिभ्रोको अधिनमा परी शरीरले नसहने खालका खानपिन गर्दछ, उसको मुटुमा रहेको रसरूपी मुख्य धातु चाँडै नाश हुन थाल्दछ र त्यसपछि उ स्वयं कमजोर हुन थाल्दछ । यसपछि रगतदेखि शुक्रसम्मका जतिपनि शरीर भित्र रहेका धातुहरू छन् ती सबै नाश हुन थाल्दछन् ।

यः सेवेत ग्राम्यधर्मं प्रहर्षाच्चित्तस्यातीवाथवा स्त्रीषु नित्यम् ।
क्षीयेताथो तस्य रेतोऽपि नूनं स प्राप्नोति क्षीणतां सर्वतोऽरम्॥
घोरं व्याधिं चान्ततो वाऽपि मृत्युं प्रायोऽवाप्नोत्येव शुक्रक्षयी सः ।
सार्द्धं हेत्वद्येन शुक्रक्षयोत्थं क्लैब्यं कृत्स्नं प्रोक्तमित्थं चतुर्द्धा॥

जो मानिस अति नै उत्तेजित भएर धेरै सहवास गर्ने गर्दछ उसको शुक्र नाश हुन्छ र उसलाई शुक्र नाश भएका कारणले हुने डरलाग्दो रोग लागी अन्तमा ज्यान जान्छ । यसरी शुक्रक्षयजन्य नपुंसकता पनि कारण अनुसार चार प्रकारका हुने गर्दछन् ।

(घ) सुश्रुत संहिता :

अतिव्यवायशीलो यो न च वाजीक्रियारतः॥ ध्वजभङ्गमवाप्नोति तच्छुक्रक्षयहेतुकम् ।

अत्यधिक सहवास गर्नुपर्ने तर सो अनुसार शरीरको तागत बढाउने खालका खानपिन अर्थात् वाजीकरण विधिको प्रयोग नगर्ने स्त्री वा पुरुषलाई रजभङ्ग वा ध्वजभङ्ग नामक तेश्रो किसिमको नपुंसकता हुने गर्दछ ।

गलत खानांपनले हुने नपुंसकता

(क) भावप्रकाश संहिता :

कटुकाम्लोष्णलवणैरतिमात्रोपसेवितैः । पित्ताच्छुक्रक्षयो दृष्टः क्लैब्यं तस्मात्प्रजायते॥ (कटुकादिना अतिमात्रेण प्रवृद्धेन पित्तेन शुक्रस्य दग्धत्वाक्लैब्यं भवति पित्तजमिति द्वितीयम् ।) ।

पिरो, अमिलो, उष्णवीर्यको वा गर्मी गर्ने र नुनिलो कुरा धेरै खानाले बढ्न गएको शरीर भित्रको पित्तले गर्दा वीर्य क्षय हुन पुग्दछ । यसबाट हुने नपुंसकतालाई "पित्तज वा पित्तजन्य नपुंसकता" भनिन्छ ।

(ख) माधव निदान :

येऽम्लं कटूष्णमथवा लवणं सदैव द्रव्यं नरोऽपरिमितं खलु भक्षयन्ति ।
शुक्रक्षयो भवति पित्तत एव तेषां क्लैब्यं ततो निगदितं ननु पित्तजं स्यात्॥

जो मानिस अमिलो, पिरो, तातो वा नुनिलो पदार्थ धेरै खाइरहने गर्दछ, उसको शरीर भित्र रहेको पित्त दूषित भएर शुक्र नाश हुन्छ । यसरी हुने नपुंसकतालाई "पित्तजन्य नपुंसकता" भनिन्छ ।

(ग) सुश्रुत संहिता :

कटुकाम्लोष्णलवणैरतिमात्रोपसेवितैः॥ सौम्यधातुक्षयो दृष्टः क्लैब्यं तदपरं स्मृतम् ।

पिरो, अमिलो, तातो वा गर्मी गर्ने रस अति धेरै खानपिन गर्नाले पुरुषमा शुक्र वा स्त्रीमा रज क्षय भएको देखिने गर्दछ, यसका कारण हुने नपुंसकतालाई दोश्रो थरी "आहारजन्य नपुंसकता" भनिन्छ ।

गुरु आदिका श्रापले हुने नपुंसक

(क) नारदीयमनुसंहिता :

गुरु आदिको श्रापले गर्दा पनि पुरुष नपुंसक हुन्छ ।

जननोन्द्रिय रोगजन्य नपुंसकता

(क) **माधव निदान :**

अतिशयकालव्यापिगदेन मेढ्रमध्यसंलब्धभवेन । क्लैव्यं जायत इह वै मेढ्ररोगजं ज्ञेयं तस्य॥

जननेन्द्रियमा दीर्घरोगले ग्रसित भएका कारण हुने नपुंसकतालाई “मेढ्ररोगज नपुंसकता” भनिन्छ ।

जन्मजात हुने नपुंसकता

(क) भावप्रकाश संहिता :

जन्मप्रभृति यत्क्लैब्यं सहजं तत्.॥

जसको जन्मजात नपुंसकता हुन्छ त्यसलाई "सहज नपुंसकता" भनिन्छ ।

(ख) माधव निदान :

आजन्म स्याद् यत्तु नरस्य क्लैव्यं दुर्विधिवशतो यस्य ।
सहजं नाम च तन्निर्दिष्टं वैद्यवरैरिह तस्य विशिष्टम्॥

भाग्यवश जन्मैदेखि हुने नपुंसकतालाई श्रेष्ठ वैद्यजनले "सहज नपुंसकता" भनी बताएका छन् ।

मातापित्रोर्बीजदोषात्तथा चापुण्यैः कृत्यैः प्राक्तनैर्देहिनोऽस्य ।
गर्भस्थस्यावाप्य दोषा यदाऽरं नाडी रेतोवाहिनीः शोषयन्ती ॥३४॥
तस्माद्रेतः शुष्कतां तर्हि यातं जातं बालं पूर्णसर्वाङ्गयुक्तम् ।
कन्यारूपेणाथवा पुत्ररूपेणाशक्तं च स्वस्वकृत्ये प्रकुर्यात्॥३५॥

जुन् मानिसको वायु आदि दूषित भएर, मातापिताको बीज दोषले अथवा पूर्वजन्मको पापको फलले गर्भावस्थामा नै शुक्र बहने नसालाई सुकाउँदछ, उसको वीर्य पनि सुक्खा हुने गर्दछ । यसले गर्दा जन्मने बालबालिकाले आआफ्ना यौवनजन्य कर्म गर्न असमर्थ हुने गर्दछन् ।

(ग) सुश्रुत संहिता :

जन्मप्रभृति यः क्लीबः क्लैब्यं तत् सहजं स्मृतम्॥

जन्मजात हुने नपुंसकतालाई "सहज नपुंसकता" भनिन्छ ।

जरा (बूढ्चौली) सम्भव नपुंसक

(क) **चरक संहिता :**

क्लैब्यं जरासम्भवं हि प्रवक्ष्याम्यथ तच्छृणु ॥
जघन्यमध्यप्रवरं वयस्त्रिविधमुच्यते । अति प्रवयसां शुक्रं प्रायशः क्षीयते नृणाम् ॥

अब यसपछि बुढ्चौलीले हुने नपुंसकताका बारेमा बताउँदछु, सुन । उमेर बाल्यावस्था, जवानी र बूढ्चौली गरी तीन प्रकारको हुन्छ । यीमध्ये अधिक उमेरका पुरुषमा प्रायः वीर्य क्षीण हुने गर्दछ । यदि वाजीकरणको प्रयोग विधिपूर्वक गरिरहेको छ भने नहुन पनि सक्दछ यसैले यहाँ प्रायः शब्द प्रयोग गरिएको हो ।

रसादीनां संक्षयाच्च तथैवावृष्यसेवनात् । बलवीर्येन्द्रियाणां च क्रमेणैव परिक्षयात् ॥
परिक्षयादायुषश्चाप्यनाहाराच्छ्रमात्क्लमात् । जरासम्भवजं क्लैब्यमित्येतैर्हेतुभिर्नृणाम् ॥
जायते ...।

बूढो भएपछि शरीरमा रहेका रस आदि धातु खिइनाले, वीर्य बढाउने खालका पदार्थ सेवन नगर्नाले; बल, वीर्य र इन्द्रिय खिइनाले; आयु खिइनाले, शरीर खिइए अनुसारको आहार गर्न नसकिने हुनाले, परिश्रमजन्य थकाइले तथा मानसिक थकाइले गर्दा पुरुषमा बूढ्चौलीजन्य नपुंसकता देखिने गर्दछ । यी सबै कारण वृद्धावस्थामा स्वभावैले हुने गर्दछ ।

...तेन सोऽत्यर्थं क्षीणधातुः सुदुर्बलः । विवर्णो विह्वलो दीनः क्षिप्रं व्याधिमथाश्नुते ॥
एतज्जरासम्भवं हि ..। (इति जरासम्भवक्लैव्यम्)

यसबाट वृद्धपुरुष अति धातु खिइएर, कमजोर भएर, शरीरको रङ उडेर, शरीरलाई धारण गर्न नसक्ने भएर तथा दुःखी भएर चाँडै रोगले ग्रस्त हुन्छन् । यसरी जराजन्य नपुंसकताका बारेमा बताइयो ।

(ख) **माधव निदान :**

क्लैव्यं जराजातमथो ब्रवीमि स्वं साम्प्रतं तच्छृणु सावधानः ।
जघन्यमध्यप्रवरप्रभेदादुक्तं मुनीन्द्रैस्त्रिविधं वयोऽत्र ॥
प्रायस्तत्र प्रवरवयसां मानुषाणामजस्रं शुक्रं क्षीणं स्वत इह भवत्यात्मना निर्विकल्पम् ।
तस्मिन् काले यदि न मनुजा वृष्यमासेवमानाः स्युस्तेपान्तु ध्रुवमनुदिनं सङ्क्षयाद्वा रसादेः ॥
वीर्यस्याथेन्द्रियाणामपि तदनु बलस्य क्रमेण क्षयाद्वा
किञ्चायुःक्षीणतातोऽनशनविधिवशात् क्लान्तितोऽपि श्रमाच्च ।
जायेत क्लीबताऽसावधिधरणि जराऽवाप्तजन्मा जनानां
तेनातिक्षीणधातुर्मृशमबलतनुर्विह्वलो वर्णहीनः ॥
दीनः सन् पूरुषः स द्रुततरमुदितं वृद्धतातो गदं तु

प्राप्य प्रायो रमण्या सह रमणांवेधावक्षमः स्यादवश्यम्॥

मुनिजनले मानिसको जघन्य, मध्य र प्रवर गरी तीन प्रकारको उमेर हुन्छ भनेका छन् । प्रायः वृद्धावस्थामा मानिसको शुक्र स्वतः कमजोर हुन्छ, त्यसबेलामा यदि उसले वीर्यवर्धक पदार्थ खानपिन गर्दैन भने उसका रस आदि धातु दिन प्रतिदिन नाश हुँदै जान्छन् । यसपछि क्रमैले वीर्य, इन्द्रियका शक्ति र बल नाश हुन्छ । यसले गर्दा तथा आयु नाश हुँदै जानाले, नखानाले, मानसिक थकाईले र परिश्रमले बुढ्यौलीजन्य नपुंसकता उत्पन्न हुने गर्दछ । यसबेला धातु अति नै कमजोर हुन्छ र शरीरमा बल पनि हुँदैन । यस्तो मानिस चिन्ताग्रस्त, वर्णहीन र दयालु हुँदै अति चाँडो बुढ्यौलीजन्य रोगले च्यापी स्त्री-सहवास गर्न नसक्ने हुन पुग्दछ ।

यदा मन्दबीजाल्पबीजौ तथा चाबलौ वाऽप्यहर्षौ भवेतां कदाचित् ।
तदा क्लैब्ययुक्ताविमौ कारणं वै विकारद्वयस्येति विज्ञेयमत्र॥

उमेरजन्य मन्दवेग तथा थोरै प्रसन्नता हुने खालको नपुंसकता हुने कारण मन्दबीज र अल्पबीज हो ।

देवताको रिस (वा श्राप) ले हुने नपुंसक

(क) नारदीयमनुसंहिता :

देवताको रिसले मानिस नपुंसक हुन सक्दछ ।

द्विरेता नपुंसक

(क) अष्टाङ्ग सङ्ग्रह :

यदा स्त्रीपुंसयोः सममेवार्थो निष्पद्यते । बीजं वा तयोः समांशं सम्मुखं च । यदा च बीजं भागे दुष्यति तदा द्विप्रकृतिर्द्विरेता नपुंसकं भवति ॥

स्त्री र पुरुष ग्राम्यधर्ममा संलग्न हुँदा जब एकै पटक रतिसमाप्तिको लक्षण हुने गर्दछ, अथवा स्त्री र पुरुष दुवैको (रज र शुक्र) बीज बराबर मात्रामा मिल्दछन् र उस्तै हुन्छन् तथा जब बीजको भाग दूषित हुन्छ र त्यसले गर्दा गर्भ एउटै प्रकृति (स्त्रीप्रकृति वा पुरुषप्रकृति) हुन सक्दैन तब दुवै (स्त्री र पुरुष) प्रकृतिको नपुंसक गर्भ हुने गर्दछ । यसलाई द्विरेता भनिन्छ ।

(ख) चरक संहिता :

बीजात्समाशादुपतप्तबीजात्स्त्रीपुंसलिङ्गी भवति द्विरेताः ।

जुन बेला स्त्री पुरुषको बीज बराबर भागमा हुन्छ अथवा जब बीज कुनै दोषको प्रकोपमा परेर दुष्ट हुन्छ तब स्त्रीपुरुषको लक्षण भएको द्विरेता (नपुंसक) उत्पन्न हुन्छ ।
व्याख्या : (१) द्विरेता : खच्चर, दुईथरी जातिबाट उत्पन्न प्राणी (के.यन.स्वामी) । (२) द्विरेतस् : द्वे रेतसो कारणं यस्य । अश्वतर । दुई बेग्लाबेग्लै पशुको समागमबाट उत्पन्न हुने पशु । जस्तै पोथी गदा र घोडाको समागमबाट जन्मने खच्चड । गाई र बोकाबाट उत्पन्न पशु । उभयलिङ्गी (दोगला) । (हिन्दी विश्वकोश) ।

रेतोदोषोद्भवं क्लैब्यं यस्माच्छुद्ध्यैव सिध्यति । ततो वक्ष्यामि ते सम्यगग्निवेश ! यथातथम् ॥

वीर्यमा हुने रोग (दोष)ले गर्दा नै नपुंसकता हुने गर्दछ । वीर्यलाई शुद्ध पारेपछि यो ठिक हुन्छ । यसैले हे अग्निवेश ! म यथार्थ कुरा बताउँदछु, तिमी ध्यान दिएर सुन ।

(ग) माधव निदान :

समांशभागाादुपतप्तशुक्रात् सशोणिताद्यो नियतः प्रजातः ।
क्लीबो द्विरेताः स तु संज्ञया स्यात् स्त्रीपुंसलिङ्ग्याकृतिचेष्टिताभ्याम् ॥

रज र अलिअलि तातेको शुक्र बराबर भागमा मिसिएर गर्भ रहन गएमा त्यसलाई "द्विरेत नपुंसक" भनिन्छ । यस्ता सन्तान र तिनले गर्ने गतिविधिमा स्त्री र पुरुष दुवैको लक्षण देखिने गर्दछ ।

ध्वजभङ्ग नपुंसकता

(क) चरक संहिता :

... ध्वजभङ्गकृतं शृणु । अत्यम्ललवणक्षारविरुद्धासात्म्यभोजनात्॥
अत्यम्बुपानाद्विषमात्पिष्टान्नगुरुभोजनात् । दधिक्षीरानूपमांससेवनाद्व्याधिकर्षणात्॥
कन्यानां चैव गमनादयोनिगमनादपि । दीर्घरोगां चिरोत्सृष्टां तथैव च रजस्वलाम्॥
दुर्गन्धां दुष्टयोनिं च तथैव च परिस्रुताम् । ईदृशीं प्रमदां मोहाद्यो गच्छेत् कामहर्षितः॥
चतुष्पदाभिगमनाच्छेफसश्चाभिघाततः । अधावनाद्वा मेढ्रस्य शस्त्रदन्तनखक्षतात्॥
काष्ठप्रहारनिष्पेषाच्छूकानां चातिसेवनात् । रेतसश्च प्रतीघाताद् ध्वजभङ्गः प्रवर्तते॥

धेरै मात्रामा अमिला वा क्षारयुक्त खानेकुरा खानाले, परस्पर विरोधी खानपिन गर्नाले, शरीरले नसहने खालका खानपिन पटकपटक गर्नाले, पानी धेरै पिउनाले, पिठोले बनेका आदि पचाउन कठिन हुने कुरा धेरै खानाले, दही-दूध र आनूप मांस जथाभावी खाइरहनाले, कुनै रोगले गर्दा कमजोर हुनाले, नाबालिकलाई जबरजस्ती करणी गर्नाले, जननेन्द्रिय बाहेकका अङ्गमा सहवास गर्नाले, दीर्घरोग लागेकी, लामो समय त्याग गरिएकी, लामो समय सहवासमा संलग्न नभएकी, रजस्वला भएकी, गनाउने जननेन्द्रिय भएकी र जननेन्द्रियमा कुनै रोग लागेर तरल पदार्थ बहिरहने रोग भएकी स्त्रीलाई वासनाका वशमा परी मोहले सहवास गर्नाले; तथा चारखुट्टे जनावरसँग सहवासमा संलग्न हुनाले, जननेन्द्रियमा चोटपटक लाग्नाले, जननेन्द्रियलाई नियमित तरिकाले सफा नगर्नाले, हतियार, दाँत, नङ आदिले जननेन्द्रियमा घाउ हुनाले, लौरो आदिले लागेर, हातले रगड्ने गरेर, जननेन्द्रिय उत्तेजित बनाउनका लागि जथाभावी ओखती प्रयोग गर्नाले तथा निस्कन खोजेको वीर्यलाई रोक्ने गर्नाले "ध्वजभङ्ग" नामक नपुंसकता हुने गर्दछ ।

भवन्ति यानि रूपाणि तस्य वक्ष्याम्यतः परम् । श्वयथुर्वेदना मेढ्रे रागश्चैवोपलक्ष्यते॥

अब ध्वजभङ्गका जेजस्ता लक्षणहरू हुन्छन्, त्यसका बारेमा बताइन्छ । जननेन्द्रियमा सुजन, पीडा र रातोपन देखिन्छ ।

स्फोटाश्च तीव्रा जायन्ते लिङ्गपाको भवत्यपि ।

जननेन्द्रियमा बाक्लै किसिमले फोका वा बिमिरा आउँदछन् । कहिलेकाहीँ त जननेन्द्रिय समेत पाक्ने गर्दछ ।

मांसवृद्धिर्भवेच्चास्य व्रणाः क्षिप्रं भवन्त्यपि॥
पुलाकोदकसङ्काशः स्रावः श्यावारुणप्रभः । वलयं कुरुते चापि कठिनञ्च परिग्रहे॥

जननेन्द्रियमा मासु बढ्दछ । चाँडै निस्केका खटिरा चाँडै बढ्दछ । खटिराबाट उसिनेको चामलको पानी वा माडजस्तो अथवा कालो-पहेँलो वा अरुण रङको पानी बहने गर्दछ । जननेन्द्रियको टुप्पोमा कडा खालको घेरा बनाइ दिन्छ ।

ज्वरस्तृष्णा भ्रमो मूर्च्छा च्छर्दिश्चास्योपजायते । रक्तं कृष्णं स्रवेच्चापि नीलमाविललोहितम्॥

जरो, तिर्खा, रिँगटा, बेहोसी र वाकवाकी हुन्छ । रातो, कालो वा निलो रङको मैलो रगत निस्कन्छ ।

अग्निनेव च दग्धस्य तीव्रो दाहः सवेदनः । बस्ती वृषणयोर्वाऽपि सीवन्यां वंक्षणेषु च॥
कदाचित्पिच्छिलो वाऽपि पाण्डुः स्रावश्च जायते । श्वयथुश्च भवेन्मन्दस्तिमितोऽल्पपरिस्रवः॥
चिराच्च पाकं व्रजति शीघ्रं वाऽथ प्रमुच्यते । जायन्ते क्रिमयश्चापि क्लिद्यते पूतिगन्धि च॥
विशीर्यते मणिश्चास्य मेढ्रं मुष्कावथापि च ।

तल्लोपेट वा मूत्राशय, दुवै अण्डकोश, जननेन्द्रिय र नितम्बको हाडमा आगोले पोलेको जसरी जलन र डाह हुने गर्दछ । कहिलेकाहीँ च्याटच्याटे वा पहेँलो-सेतो रङको पदार्थ पनि बहने गर्दछ । चिसो लुगाले ढाकेको बेलामा हुने जस्तो चिसो सहितको अलिअलि पानी बहने किसिमको सुजन हुन्छ । ढिलो पाक्दछ अथवा चाँढै यो पीडाबाट छुटकारा पाउन पनि सकिन्छ । कीरा पर्दछन् जननेन्द्रियमा चिसोपन वा हँडिदो पानी रहन थाल्दछ र गनाउँदछ । जननेन्द्रियको टुप्पो झर्दछ । कहिलेकाहीँ त जननेन्द्रिय र दुवै अण्डकोश समेत झर्ने गर्दछ ।

ध्वजभङ्गकृतं क्लैब्यमित्येतत् समुदाहृतम्॥ एतं पञ्चविधं केचिद् ध्वजभङ्गं वदन्तयपि ।
॥ इति ध्वजभङ्गकृतक्लैव्यम्॥

यसरी ध्वजभङ्गजन्य नपुंसकताका बारेमा बताइयो । कसैले ध्वजभङ्ग पाँच किसिमको हुन्छ पनि भनेका छन् । (वातिक, पैत्तिक, श्लैमिक, रक्तजन्य र सान्निपातिक । यो ध्वजभङ्ग रोग सुश्रुतले बताएको उपदंश रोगसँग करिब करिब मेल खान्छ) ।

(ख) माधव निदान :

क्लैव्यं पुनर्ननु पुरातनवैद्यजातैर्गीतं श्रृणु त्वमधुना ध्वजभङ्गजातम् ।
अत्यम्बुपानविषमाशनपिष्टभोज्या लघ्वन्नभोजनपरस्य नरस्य नूनम्॥
क्षारं तथा लवणमम्लमथो विरुद्धं द्रव्यं त्वनूपभवमांसमपि प्रकामम् ।
दुग्धं दधि प्रतिदिनं त्वदतोऽतिलौल्याच्चासात्म्यभोजिन इहातिकृशस्य रोगैः॥
कन्यास्वयोनिषु पुरातनरोगिणीषूत्सृष्टासु दीर्घसमयात् पुरुषैः प्रसङ्गे ।
दुर्गन्धितास्वपि च पुष्पवतीषु दुष्टयोनिष्वनङ्गवशतो हि परिस्रुतासु॥
एतादृशीषु युवतीषु चतुष्पदासु प्रायः परं विदधतः सुरतं प्रमोहात् ।
लिङ्गस्य शस्त्रनखदन्तक्षताच्चाघातादधावनत इध्मप्रहारतोऽपि॥
निष्पेषणादपि परिच्युतरेतसः संरोधाच्च शूकपरिशीलनतश्च मेढ्रम् ।
सञ्जायतेऽधिपुरुषं ध्वजभङ्गनामा क्लीवत्वसञ्जननकारणमामयो वै॥

धेरै पिइने पानी, विषम भोजन, पिठोले बनेका पदार्थ, पचाउन सहज हुने खानपिन, क्षार भएका पदार्थ, नुन, अमिलो, परस्पर विरोधी खानपिन, सीमसार क्षेत्रका जीवजन्तुको मासु, हरेक दिन धेरै पिइने दूध वा खाइने दही, जिब्रोको वशमा पर्ने आदत, शरीरले नसहने खानपिन, रोगले शरीर अति दुब्लो हुनाले; बालिका, स्त्री जननेन्द्रिय बाहेकका अङ्गमा गरिने सहवास, रोगी स्त्रीसँग गरिने सहवास, लामो समय पुरुषसँग मैथुनमा सहभागी नभएको स्त्रीसँग गरिने सहवास, दुर्गन्धित जननेन्द्रिय हुने स्त्रीलाई गरिने सहवास, रजस्वलालाई गरिने सहवास, खराब पदार्थ बगिरहने जननेन्द्रिय हुने स्त्रीलाई गरिने सहवास; हातहतियार, नङ, दाँत, चोटपटक, जननेन्द्रियको फोहोर, लौरो वा दाउराको चोट, रगडिने कार्य, झर्न लागेको वीर्यलाई रोक्ने कार्य तथा जननेन्द्रिय बढाउन भनी जथाभावी ओखती प्रयोग गर्नाले पुरुषको जननेन्द्रियमा "ध्वजभङ्ग" नामक रोग हुन्छ ।

मेढ्रेऽतिरुजा स्याद् ध्वजभङ्ग रागः श्वयथुर्वातसमुत्थे ।

जननेन्द्रिय अति नै दुख्नु, रातो हुनु र सुन्निनु : यी "वातजन्य ध्वजभङ्ग" रोगका लक्षणहरू हुन् ।

स्फोटाः प्रखराः स्युर्ननु लिङ्गे पाकः परमः पित्तसमुत्थे॥

जननेन्द्रियमा बाक्लै खटिरा वा फोका निस्कनु र पाकिरहनु : यी "पित्तजन्य ध्वजभङ्ग" रोगका लक्षणहरू हुन् ।

लिङ्गोपरि मांसस्य समृद्धिः क्षिप्रं व्रणजन्माऽमितवृद्धिः ।

स्रावश्च पुलाकोदककल्पः श्यावारुणभः स्याद् यदनल्पः॥
वलयीकुरुते स्फीतो देशः शिश्ने कठिनः स्यात् सविशेषः ।
कफजे ध्वजभङ्गे किल लक्षणमेतद्विद्धि निदानविचक्षणः॥

जननेन्द्रिय माथि धेरै मासु बढ्नु, चाँडै खटिरा आउनु वा घाउ हुनु, यस्तो खटिरा वा घाउ धेरै बढ्नु, त्यसबाट भातको माडजस्तो कालोकालो र अरुण वर्णको पदार्थ बहन थाल्नु, जननेन्द्रियमा चाउरी परेजसरी बाटुला घेरा बन्न थाल्नु र यस्ता घेरा साह्रो हुँदै जानु : यी "कफजन्य ध्वजभङ्ग" रोगका लक्षणहरू हुन् ।

छर्दिज्वरमूर्च्छाभ्रमतृष्णाः स्युरिमे रोगाः पुंसि सतृष्णाः ।
लोहितमाविलनीलसवर्णं वहति हि कृष्णं रक्तमुदीर्णम्॥
शिश्नव्रणतो यस्य जनस्य ध्वभङ्गो रक्तज इह तस्य ।
इति विज्ञेयं साधु सदैव श्रेष्ठेनायुर्वेदविदैव॥

बान्ता हुनु, जरो आउनु, बेहोस हुनु, रिँगटा लाग्नु, विशेष किसिमले तिर्खा लाग्नु, जननेन्द्रियमा भएका घाउबाट रातो, गनाउने, निलो र कालो रगत बग्नु : यी लक्षण देखिए श्रेष्ठ वैद्यले "रक्तजन्य ध्वजभङ्ग" रोग हो भनी थाहा पाउनू ।

अग्निदग्धसदृशोऽपि च दाहः सरुजश्चेत् स्यात् कृतसंनाहः ।

वस्तौ सांवन्यामांधवृषणं वङ्क्षणमध्ये स्वांकृतमरणम्॥
पाण्डुर्वा पिच्छिल आस्रावः कदाचित्कोऽप्येवंभावः ।
मन्दः स्तिमितः श्वयथुर्नूनं स्रावः स्यादिह सन्ततमूनम्॥
चिरकालादपि पाकं गच्छेत् सन्त्वरया वा मुक्तिं यच्छेत् ।
जायेरन् क्रिमयोऽप्यधिलिङ्गं क्लेदि पूतिगन्धीति च लिङ्गम्॥
मणिर्विशीर्येतापि च यस्य मेढ्रं मुष्कौ वाऽथ विशिष्य ।
सन्निपातजनितध्वजभङ्गं विद्यात्तस्योदितमध्यङ्गम्॥
कथितं क्लैव्यं ध्वजभङ्गोत्थं चरकप्रोक्तमिदं हि मयेत्थम् ।
एतं ब्रुवते साङ्गोपाङ्गं केचित् पञ्चविधं ध्वजभङ्गम्॥

यदि मूत्राशय, मलद्वार र अण्डकोशको जोर्नी, अण्डकोश, र टुइँके हाड भित्र दुख्दै जरो सहित आगोले पोले जसरी डाह हुन्छ; कहिलेकाहीँ पाण्डु रङको र लेस्याइलो पदार्थ बहन्छ, हलुका र स्थिर किसिमको सुजन हुन्छ, अलि अलि तरल पदार्थ बग्दछ, ढिलो पाकी चाँडै ठिक हुने घाउ हुन्छ, जननेन्द्रियमा कीरा पर्दछ, भिजिरहन्छ, लाश गनाए जसरी गनाउँदछ, जननेन्द्रियको टुप्पो चिरा पर्दछ र कुनै बेला अण्डकोश पनि फुट्दछ भने त्यस्तो रोगलाई "सन्निपातजन्य ध्वजभङ्ग" भनिन्छ ।

(ग) हारीत संहिता :

यस्य विद्वेषतः स्त्रीणां व्यवायेन मनःक्षितिः । ध्वजभङ्गो भवेच्छीघ्रं तत्क्लैब्यं रेतसः क्षयात्॥

जुन पुरुषको विद्वेष (शत्रुता, निन्दा, हेँला) का कारण सहवासकालमा मन खिन्न हुन्छ अनि जो सहवासकालमा चाँडै सन्तुष्ट हुन्छ ती वीर्यक्षय भएका कारण हुने "ध्वजभङ्ग" नामका नपुंसकता हुन् ।

निसर्ग नपुंसक

(क) नारदीयमनुसंहिता :

स्वभावले नपुंसक हुने पुरुषलाई “निसर्ग नपुंसक” भनिन्छ । यसको उपचार हुँदैन ।

पक्षषण्ढ नपुंसक

(क) नारदीयमनुसंहिता :

महिनामा एक पक्ष (१५ दिन) सहवासगको शक्ति नहुने नपुंसकतालाई "पक्षषण्ढ" भनिन्छ ।

बीजोपघातज नपुंसक

(क) चरक संहिता :

शीतरूक्षाल्पसक्लिष्टविरुद्धाजीर्णभोजनात्॥ शोकचिन्ताभयत्रासात्स्त्रीणां चात्यर्थसेवनात्। अभिचारादविस्रम्भाद्रसादीनां च संक्षयात्॥ वातादीनां च वैषम्यात्तथैवानशनाच्छ्रमात्। नारीणामरसज्ञत्वात्पञ्चकर्मापचारतः॥ बीजोपघाताद्भवति पाण्डुवर्णः सुदुर्बलः। अल्पप्राणोऽल्पहर्षश्च प्रमदासु भवेन्नरः॥ हृत्पाण्डुरोगतमककामलाश्रमपीडितः। छर्द्यतीसारशूलार्तः कासज्वरनिपीडितः॥ बीजोपघातजं क्लैब्यं, ...।

चिसा खानपिन गर्नाले, दूषित खानपिन गर्नाले, परस्परविरोधी खानपिन गर्नाले, अजीर्ण हुँदाहुँदै खाना खानाले, शोकले, चिन्ताले, डरले, सन्त्रासले, अति ग्राम्यधर्ममा संलग्न हुने गर्नाले, कसैले जादुटुना लगाइदिनाले, अनुराग वा प्रीति नहुनाले, शरीरमा रहेका रस आदि धातु खिइनाले, वात आदि दोष असमान हुनाले, उपवास बस्नाले, परिश्रम वा थकाइले, रसिक स्त्री नहुनाले र वमन आदि शरीर शुद्धि गर्ने पञ्चकर्मको गलत प्रयोग गर्नाले पुरुषको बीज नाश हुन पुग्दछ। यसपछि उसको शरीर सेतो-पहेँलो र अति नै कमजोर हुन थाल्दछ। उत्साह घट्दछ। स्त्रीमा हर्ष (सहवास चाहना) थोरै हुन्छ अथवा सहवासकालमा कम मात्रामा ध्वजहर्ष हुन्छ। यस्ता पुरुष मुटुका रोग, पाण्डु, तमक नामक दमको रोग, कमलपित्त, थकित हुने रोग, छेरपटी, शूल, खोकी र जरोले पीडित हुने गर्दछन्। यी "बीजोपघातज नपुंसकता" का लक्षणहरू हुन्।

(ख) माधव निदान :

शीतं रूक्षं वाऽल्पमन्नं विरुद्धं संक्लिष्टं चाजीर्णकालेऽपि भुक्तम्।
शोकश्चिन्ताऽर्थादिजाताऽपि भीतिस्त्रासो भूरिस्त्रीप्रसङ्गः श्रमश्च॥
चाविश्वासोऽथाभिचारो रसादेः संक्षीणत्वं पञ्चकर्मापचारः।
वातादीनां चापि वैषम्यमल्पाहारः स्त्रीणां चारसंज्ञत्वमेव॥
प्रायेणैभ्यो नुर्हि बीजोपघातो जायेतास्मिन् कारणेभ्यो विशेषात्।
यस्मात्स स्यात् कामिनीष्वल्पहर्षश्चाल्पप्राणो दुर्बलः पाण्डुवर्णः॥
हृत्कामलातमकपाण्डुगदश्चमाख्यैः शूलातिसारवमनज्वरकाससंज्ञैः।
रोगैर्निपीडिततनुश्च भवेन्मनुष्यो वीजोपघातजनपुंसकताऽभिजुष्टः॥

चिसो, रुखो, थोरै, परस्पर विरोधी र दूषित खानपिन; अजीर्णमा गरिने भोजन, शोक, धन आदिले निकाल्ने चिन्ता, डर, शङ्काजन्य असत्य डर, अति धेरै ग्राम्यधर्म, अति धेरै परिश्रम, अविश्वास, तन्त्रमन्त्र आदिको प्रयोग, शरीरका रस आदि धातुको नाश, शरीर शोधनका लागि प्रयोग गरिने पाँच थरी उपाय विधिप्रयोग नगर्नु, वायु आदि दोष विषम हुनु, विष खानपिन र थोरै खानपिन : यी कारणहरूले गर्दा मानिसलाई विशेषगरी बीजोपघात रोग हुन्छ। यासले गर्दा उ स्त्रीप्रति कम उत्तेजित र सन्तुष्ट हुने, कम सास फाल्ने, कमजोर, पाण्डुवर्णको, मुटुको रोगी, कमलपित्तको रोगी, तमक नामक

दमको रोग, पाण्डुरोग, श्रमजन्य रोग, शूलको रोग, छेरपटीको रोग, बान्ताको रोग, जरो आइरहने र खोकी लागिरहने आदिजस्ता रोगले पीडित हुने गर्दछ ।

मानसिक नपुंसकता

(क) भावप्रकाश संहिता :

तैस्तैर्भावैरहृद्यैस्तु रिरंसोर्मनसि क्षते । ध्वजः पतत्यतो नृणां क्लैब्यं समुपजायते ॥
द्वेष्यस्त्रीसम्प्रयोगाच्च क्लैब्यं तन्मानसं स्मृतम् ॥
(तैस्तैर्भावैः-भयशोकक्रोधादिभिः । अहृद्यैः-हृदयाहितैः । दुःखकरत्वात्क्षते पीडिते अस्वस्थीकृते इति यावत् । ध्वजः शिश्नः । " ध्वजं चिह्ने पताकायां मेहने शोण्डिकेऽपि च" इति विश्वप्रकाशः । पतित न तून्नमति । प्रसयोगः-मैथुनम् ।) ।

ग्राम्यधर्ममा संलग्न हुने पुरुषको जननेन्द्रिय मन डर, शोक, रिस आदि दुःखदायक विकारहरूले अस्वस्थ भई अथवा जोप्रति अरुचि हुन्छ त्यस्ती स्त्रीसँग सहवास गर्नुपर्दा शिथिल हुन्छ भने त्यस्तो नपुंसकतालाई "मानसिक नपुंसकता" भनिन्छ ।

(ख) माधव निदान :

यद् द्वेषपात्रप्रमदाप्रसङ्गात् पुंसा प्रजायेत नपुंसकत्वम् ।
तन्मानसं नाम सदा सुवैद्यैराम्नातमद्धाऽऽकलनीयमत्र ॥

इर्ष्यालु स्त्रीसँग सहवासमा संलग्न हुने पुरुषलाई हुने नपुंसकतालाई असल वैद्यजनले ध्यानदिन योग्य "मानसिक नपुंसकता" भनी बताएका छन् ।

(ग) सुश्रुत संहिता :

तैस्तैर्भावैरहृद्यैस्तु रिरंसोर्मनसि क्षते ॥ द्वेष्यस्त्रीसंप्रयोगाच्च क्लैब्यं तन्मानसं स्मृतम् ।

डरले गर्दा, अविश्वासले, पत्नी (वा पति) मा खराब स्वभाव देखिनाले आदिजस्ता मनलाई अप्रिय लाग्नने खालका भावले सहवासमा संलग्न हुने पति वा पत्नीको मनमा चोट पर्नाले तथा शत्रु स्त्री वा पुरुषसँग वाध्यतावश सहवासमा संलग्न हुनु पर्नाले स्त्री वा पुरुषमा जुन् नपुंसकता हुन्छ त्यसलाई मानसिक नपुंसकता भनिन्छ ।

(घ) हारीत संहिता :

यस्य वै ममता चित्ते दृष्ट्वा स्त्रीणां विरागिताम् । स्पर्शने स्वेदकं पश्च तत्साध्यं मानसं स्मृतम् ॥

जसका मनमा स्त्रीप्रति ममता भाव जागी वैराग्यता आउँदछ र जसलाई स्त्रीको स्पर्श हुँदा पसिना आउँदछ त्यो "मानसिक नपुंसकता" हो र सजिलै उपचार गरेर निको हुन्छ ।

मोधवीज नपुंसक

(क) नारदीयमनुसंहिता :

शुक्रकीट भएपनि त्यसबाट गर्भ उत्पन्न नहुने खालको नपुंसकतालाई “मोधवीज” भनिन्छ ।

वक्रध्वज नपुंसक

(क) **अष्टाङ्ग सङ्ग्रह :**

स्त्रीपुंसौ तद्विधौ भवतः तदा वक्रध्वजो भवति । तस्य नैव ध्वजः स्तभ्यते ॥

जब स्त्री र पुरुष दुवै कम बलिया र कम वीर्यशाली भई ग्राम्यधर्ममा परस्पर एकअर्कालाई सन्तुष्ट पार्न सक्दैनन् तब त्यसबाट "वक्रध्वज (टेडो पुरुष जननेन्द्रिय हुने)" नामक नपुंसकको जन्म हुन पुग्दछ । यस्ता नपुंसकको जननेन्द्रिय उत्तेजित हुँदैन ।

(ख) **माधव निदान :**

यदा विदध्याज्जननी तु मैथुने निजाङ्गजातं विषमं कदाचित् ।
स्याद्बीजदौर्बल्ययुतः पिता चेत् तदा भवेद्बालजनो हि वक्री ॥

जब सहवासका समयमा स्त्री आफ्नो अङ्गलाई असजिलो तरिकाले राख्दछे र पुरुष कमजोर बीजको हुन्छ । त्यस्तो सहवासबाट जन्मने बालक "वक्री नपुंसक" हुन्छ ।

वातरेता नपुंसक

(क) अष्टाङ्ग सङ्ग्रह :

यदा स्त्री प्रथमं कृतार्था भवति ततः पुरुषेण पश्चाच्छुक्रमुत्सृष्टं हर्षानवस्थितचेतसः स्त्रिया वातो विगुणीकरोति पुंस्त्ववाहीनि स्रोतांसि चोपहन्ति तदा वातेन्द्रियं भवति । तन्मैथुने वातमेवोत्सृजति ॥

जब ग्राम्यधर्ममा संलग्न हुँदा स्त्री पुरुषभन्दा पहिला सन्तुष्ट हुन्छे तब पुरुषको पछि निस्कने शुक्र हर्षित हुने कारणले चित्त अस्थिर भई स्त्रीको वायुले गर्भमा पुगेको शुक्रलाई विकृत बनाउँदछ । यो वायुले गर्भको पुरुषत्व बहने स्रोतलाई नाश गर्दछ । तब यस्तो गर्भ वातेन्द्रिय हुन पुग्दछ । यस्ता पुरुषले ग्राम्यधर्ममा संलग्न हुँदा शुक्रको साटो जननेन्द्रियबाट हावा नै बाहिर निकाल्ने गर्दछ । (यस्ता नपुंसकमा हावा जाने अनि शुक्र निस्कने फेरी हावा जाने अनि फेरी शुक्र निस्कने पनि हुन सक्दछ) ।

(ख) नारदीयमनुसंहिता :

सम्भोगकालमा जननेन्द्रियबाट वीर्यको साटो वायुमात्र निस्कने नपुंसकलाई “वातरेता” भनिन्छ ।

(ग) माधव निदान :

वायुर्यदा गर्भगतस्य हन्याद्बालस्य शुक्राशयमत्र दैवात् ।
तदा प्रकुर्यात्पघनेन्द्रियत्वं नपुंसकत्वप्रदमेव निश्चितम् ॥

जब गर्भमा रहेको बालकको शुक्राशयलाई दैववश वायुले नाश पार्दछ तब नपुंसकता पैदा गर्ने खालको पवनेन्द्रिय हुन जान्छ अर्थात् जननेन्द्रिय उत्तेजित भएपनि त्यसबाट वीर्य बहने वा निस्कने गर्दैन हावा मात्र निस्कन्छ ।

वातषण्ढक नपुंसक

(क) **अष्टाङ्ग सङ्ग्रह :**

यदा पुरुषस्य गर्भस्य वाय्वग्निदोषाद्वृषणनाशस्तदा वायुपिण्डकाख्यं भवति । एताः कर्मवैचित्र्यादष्टौ षण्डयोनयोऽसङ्कीर्णाः कथिताः ॥

जब गर्भमा रहेको पुरुषको अण्डकोश वायु र अग्नि (पित्त) का कारण नष्ट हुन्छ तब वातषण्डक नामक नपुंसकको जन्म हुन पुग्दछ । विचित्र कर्मका आधारमा यी बेग्लाबेग्लै आठ प्रकारका नपुंसकको जन्म हुने गर्दछ ।

(ख) **माधव निदान :**

वायोः पित्तस्यापि दोषाद् यदीयौ नष्टौ स्यातामण्डकोशौ कदाचिद् ।
रोगाज्ञानावाप्तवैशिष्ट्यवैद्यैराख्यातोऽद्धा वातिकः षण्ढकः सः ॥

शरीर भित्र रहेका वायु र पित्त दूषित भएर यदि पुरुषको अण्डकोश केहीगरी नष्ट हुन्छ भने त्यसबाट हुने नपुंसकलाई “वातिकषण्ढ” भनिन्छ ।

वीर्य रोक्ने गरेका कारणले हुने नपुंसकता (शुक्रस्तम्भजन्य क्लैब्य)

(क) **भावप्रकाश संहिता :**

बलिनः क्षुब्धमनसो निरोधाद् ब्रह्मचर्यतः । षष्ठं क्लैब्यं स्मृतं तत्तु शुक्रस्तम्भनिमित्तकम्॥
(बलिनः पुष्टस्य । क्षुब्धमनसः कामात्सञ्चलित मनसः । ब्रह्मचर्यम्- अमैथुनं तस्मान्निरोधाच्छुक्रस्य क्लैब्यं भवति ।) ।

शरीर हृष्टपुष्ट र योग्य एवं मन ग्राम्यधर्मको भावनाबाट पीडित भइरहँदा पनि जुन पुरुष ब्रह्मचारी हुन खोज्दछ उसको वीर्य रोकिने कारणले जुन् नपुंसकता हुन्छ त्यसलाई "शुक्रस्तम्भजन्य नपुंसकता" भनिन्छ ।

(ख) **माधव निदान :**

देहे यस्य स्यादतुल्यं बलं वै यस्य प्रायो ब्रह्मचर्यप्रसङ्गात् ।
प्राप्तक्षोभस्यापि चित्तस्य रोधात् क्लैब्यं शुक्रस्तम्भहेतूत्थमुक्तम्॥

जसका शरीरमा अति नै बल छ, उसले पनि ब्रह्मचर्यमा रहेर अर्थात् मन सहवासका लागि आतुर हुँदा पनि बलजफ्ती रोकेर जुन् नपुंसकता हुन्छ त्यसलाई "शुक्रस्तम्भज नपुंसकता" भनिन्छ ।

(ग) **सुश्रुत संहिता :**

बलिनः क्षुब्धमनसो निरोधाद् ब्रह्मचर्यतः । षष्ठं क्लैब्यं मतं तत्तु स्वरशुक्रनिमित्तजम्॥

बलियो र संयमीत हुन नसक्ने मानिसलाई ब्रह्मचर्यमा बसेका कारण छैटौं प्रकारको नपुंसकता हुने गर्दछ । यस्तो नपुंसकता वीर्य वा रज सुक्ने कारणले हुने गर्दछ ।

शालीन नपुंसक

(क) नारदीयमनुसंहिता :

सम्भोगकालमा जननेन्द्रिय नै नउठ्ने नपुंसकलाई “शालीन” भनिन्छ ।

शिराच्छेदजन्य नपुंसकता

(क) नारदीयमनुसंहिता :

रोगले गर्दा मानिस नपुंसक हुन सक्दछ ।

(ख) भावप्रकाश संहिता :

वीर्यवाहिशिराच्छेदान्मेहनानुन्नतिर्भवेत्॥

वीर्य बहने नसा छिन्नाले जननेन्द्रिय उत्तेजित नहुने अवस्था आउँदछ । यसलाई शिराच्छेदजन्य नपुंसकता भनिन्छ ।

महता मेढ्ररोगेण चतुर्थी क्लीबता भवेत् ।

पुरुषको जननेन्द्रियमा कुनै कारणले डरलाग्दो रोग लागी हुने नपुंसकतालाई रोगजन्य नपुंसकता भनिन्छ ।

(ग) माधव निदान :

या सिरा भवति वीर्यवाहिनी लिङ्गनिम्नतलनित्यगेहिनी ।
छिन्नयाऽस्ति मनुजोऽन्वितस्तया तूपघातजननपुंसकाख्यया॥

पुरुषको जननेन्द्रियको तलतिर हुने वीर्य बहने नसा काटिएर वा चुँडिएर हुनजाने नपुंसकतालाई "उपघातज नपुंसकता" भनिन्छ ।

(घ) सुश्रुत संहिता :

महता मेढ्ररोगेण मर्मच्छेदेन वा पुनः॥ क्लैब्यमेतच्चतुर्थं स्यान्नृणां पुंस्त्वोपघातजम् ।

जननेन्द्रियमा ठूलो वा कडा रोग लागेर अथवा वीर्य वा रज बहने नसा छेडिएर हुने नपुंसकतालाई चौथो उपघातज नपुंसकता भनिन्छ ।

शुक्रक्षयजन्य नपुंसकता

(क) माधव निदान :

नो सेवित्वा वाजीकरणं नित्यं विदधति रमणीरमणम् ।
शुक्रक्षयजं क्लैब्यं तेषां भवति नराणामत्र समेषाम् ॥

जुन् पुरुष वाजीकरण नगरी दिनहुँ सहवासमा संलग्न भएका कारण नपुंसक हुन्छ त्यसलाई "शुक्रक्षयजन्य नपुंसकता" भनिन्छ ।

षण्ढ नपुंसक

(क) भावप्रकाश संहिता :

यो भार्य्यायामृतौ मोहादङ्गनेव प्रवर्त्तते । तत्र स्त्रीचेष्टिताकारो जायते षण्ढसंज्ञकः ॥

जो पुरुष अज्ञानताले वा मोहले स्त्री सुते जसरी आफू तल सुती स्त्रीलाई माथि सुताएर ग्राम्यधर्ममा संलग्न हुन्छ त्यसबाट जन्मने पुत्रमा स्त्रीका लक्षण देखिन्छन् । यस्ता नपुंसकलाई "षण्ढ" भनिन्छ ।

व्याख्या : यिनमा वंशानुगतरुपमा पलाउने भएपनि दाह्री जुँगा पलाउँदैन । जननेन्द्रिय भएपनि पुरुषार्थी (वीर्य) हुँदैन ।

(ख) नारदीयमनुसंहिता :

जन्मजात नपुंसक अर्थात प्रजनन अङ्गहरु काम लाग्ने नभएको नपुंसकलाई षण्ढ भनिन्छ । यसको उपचार हुँदैन ।

(ग) सुश्रुत संहिता, हंसराज निदान :

यो भार्यायामृतौ मोहादङ्गनेव प्रवर्तते । ततः स्त्रीचेष्टिताकारो जायते षण्ढसंज्ञितः ॥

जब कुनै पुरुष अज्ञानले वा मनोरञ्जनका लागि ऋतुकालमा आफ्नी पतिलाई माथि राखेर ग्राम्यधर्ममा संलग्न हुन्छ र गर्भ बस्दछ तब त्यसबाट जन्मने पुत्रको चेष्टा र बनोट स्त्रीसमान हुन्छ । यस्ता पुरुषलाई षण्ढ भनिन्छ ।

ऋतौ पुरुषवद्वाऽपि प्रवर्तेताङ्गना यदि । तत्र कन्या यदि भवेत् सा भवेन्नरचेष्टिता ॥

यदि ऋतुकालमा कुनै स्त्री आफू पुरुष माथि चढेर सहवासमा संलग्न हुन्छे र गर्भ बस्दछ भने त्यसबाट जन्मने कन्याको चेष्टा पुरुषका जस्तै हुन्छन् ।

(घ) माधव निदान :

ऋतौ प्रवर्त्तेत यदाऽङ्गनावद् मोहात् स्त्रियां यः खलु तस्य नूनम् ।
स्त्रीचेष्टिताकारयुतस्तु षण्ढाभिधः प्रजायेत नपुंसकस्तदा ॥
किंवाऽङ्गना काऽपि यदि प्रवर्त्तेतर्त्तौ रतौ पुंवदपीह पुंसि ।
ततः प्रजायेत सुता क्वचिच्चेत् पुंचेष्टिताकारयुता भवेत्सा ॥

यदि ऋतुकालमा कुनै पुरुष आफू स्त्री जसरी तल बसी स्त्रीलाई माथि राखेर सहवासमा संलग्न हुन्छ र

सयोगले गर्भ रहन्छ भने त्यसबाट जन्मने पुत्र हेर्दा स्त्रीजस्तै गांतांवांधे गर्ने त्यसतै आकारको षण्डनामक नपुंसक भएर जन्मन्छ । यसरी नै यदि गर्भमा कन्या भई भने उनको हाउभाउ र बनोट पुरुषको जस्तो हुनेछ ।

संस्कारवाही नपुंसक

(क) अष्टाङ्ग सङ्ग्रह :

यदा तु कार्त्स्न्येन नोपहन्ति अनुपघ्नन्नेव वा स्रोतोमुखं पिधत्ते । तदा संस्कारवाह्यं भवति ॥

जब वायुले शुक्रबीजलाई पूरै नाश गर्दैन (वा विकृत पार्दैन) अथवा शुक्रबीजलाई कुनै नोक्सान नगरी स्रोतलाई रोक्दछ तब संस्कारवाही नपुंसक हुने गर्दछ । अर्थात् यस्ता नपुंसक वाजीकरण आदि संस्कार गरेर मात्र ग्राम्यधर्ममा संलग्न हुन सक्दछ ।

तत्र संस्कारो वाजीकरा बस्तयोऽभ्यवहारश्चेतोहर्षणानि च ।
तानि हि शुक्रे बलमादधानानि स्रोतांस्यस्याप्यायन्तीति ॥

यसमा संस्कारका लागि वाजीकर उत्तरवस्ति र वाजीकारक खानपिन गर्दै मनलाई प्रसन्न पार्नु पर्ने हुन्छ । यी कार्यले शुक्र बलियो हुन्छ तथा स्रोतलाई पुष्ट र बलियो बनाउँदछ ।

(ख) माधव निदान :

यदा मारुतः कस्यचित् पुरुषस्य प्रदुष्टः परं घट्टनं च प्रकुर्वन् ।
प्रदुष्येत्तु शुक्राशयद्वारमद्धा विदध्यात्तदा तं हि संस्कारवाहम् ॥

जब शरीर भित्र रहेको वायु दूषित भएर कुनै पुरुषको शुक्राशयको मुख धेरै रगडेर दूषित बनाउँदछ तब त्यस्तो नपुंसकतालाई “संस्कारवाह नपुंसकता” भनी थाहा पाउनू । यस्तो रोगको उचित उपचार हुँदा ठिक हुन्छ ।

सांन्नेपातजन्य नपुंसक

(क) चरक संहिता :

मातापित्रोर्बीजदोषादशुभैश्चाकृतात्मनः । गर्भस्थस्य यदा दोषाः प्राप्य रेतोवहाःसिराः ॥
शोषयन्त्याशु तन्नाशाद्रेतश्चाप्युपहन्यते । तत्र सम्पूर्णसर्वाङ्गः स भवत्यपुमान् पुमान्॥
एते त्वसाध्या व्याख्याताः सन्निपातसमुच्छ्रयात् ।

माता (रज) पिता (वीर्य) को दोषले अथवा पूर्वजन्मको पापले गर्दा गर्भमा रहेको प्राणीलाई वात, कफ आदि दोषले वीर्य वहने सिरामा पुगेर सुकाउँदछ । सिरा सुकेपछि वीर्य पनि नाश हुन्छ, वीर्य उत्पन्न छाड्दछ । यस्तो पुरुष सबै अङ्गले भरिपूर्ण देखिए पनि नपुंसक हुन्छ । सन्निपातजन्य निको हुन नसक्ने नपुंसकताका बारेमा बताइयो ।

सुगन्धी वा नासायोनि नपुंसक

(क) अष्टाङ्ग सङ्ग्रह :

यदा पूतियोन्याः स्त्रिया गर्भो भवति । तच्छुक्रास्वादाध्वजोच्छ्रायं लभते । यदा पुनरुभावपि तत्सौगन्धिकाख्यं योनिध्वजगन्धेन बलं लभते ॥

जब पूतियोनी रोग भएको स्त्री जननेन्द्रियमा गर्भ रहन पुग्दछ तव "सौगन्धिक" नामक नपुंसक सन्तानको जन्म हुन पुग्दछ । यस्ता नपुंसक स्त्रीको वा पुरुषको जननेन्द्रिय सुँघेर मात्र उत्तेजित हुने गर्दछन् ।

(ख) भावप्रकाश संहिता :

यः पूतियोनौ जायेत स हि सौगन्धिको भवेत् । स योनिशेफसोर्गन्धमाघ्राय लभते बलम् ॥

दुर्गन्धित स्त्री-जननेन्द्रियबाट जन्मने नपुंसकलाई "सुगन्धी" नपुंसक भनिन्छ । यस्ता नपुंसक अरु पुरुषको वा स्त्रीको जननेन्द्रिय सुँघेपछि मात्र उत्तेजित भई ग्राम्यधर्ममा संलग्न हुने गर्दछन् । (यिनलाई "नासायोनि" पनि भनिन्छ) ।

(ग) माधव निदान :

जायेत यो ना यदि पूतियोना-वजस्रमाघ्राय स शेफसो वै ।
भगस्य वा गन्धमतिप्रहर्षं योषित्प्रसङ्गे प्रलभेत लोके ॥

जुन् पुरुष गनाउने स्त्री-जननेन्द्रिय भएकी स्त्रीबाट जन्मन्छ उसलाई "सौगन्धिक नपुंसक" भनिन्छ । यस्ता पुरुष अरु पुरुषको जननेन्द्रिय वा स्त्रीको जननेन्द्रिय सुँघेपछि मात्र सहवासका लागि उत्तेजित हुने गर्दछन् ।

(घ) सुश्रुत संहिता, हंसराज निदान :

यः पूतियोनौ जायेत स सौगन्धिकसंज्ञितः । स योनिशेफसोर्गन्धमाघ्राय लभते बलम् ॥

जो पुरुष दुर्गन्धित स्त्री जननेन्द्रियबाट जन्मन्छ त्यसलाई "सौगन्धिक (नासायोनि)" भनिन्छ । यस्तो पुरुष (साँढे वा कुकुरजस्तै) स्त्री वा पुरुषको जननेन्द्रियको गन्ध सुँघेर मात्र उत्तेजित हुने गर्दछ ।

सेव्यषण्ढ नपुंसक

(क) नारदीयमनुसंहिता :

नारीको अति नै सेवामा संलग्न हुँदा हुने नपुंसकलाई “सेव्यषण्ढ नपुंसक” भनिन्छ ।

स्त्रीमा देखिने नपुंसकत्व वा विकृति

(क) भावप्रकाश संहिता :

ऋतौ ऋतौ पुरुषवत्प्रवर्त्तेताङ्गना यदि । तत्र कन्या यदि भवेत् सा भवेन्नरचेष्टिता ॥

यदि कुनै ऋतुमती स्त्री पुरुषलाई तल राखेर आफूमाथि चढी ग्राम्यधर्ममा संलग्न हुन्छे भने त्यस्तो ग्राम्यधर्मबाट उत्पन्न हुने कन्यामा पनि पुरुषका लक्षण देखिन्छन् ।

व्याख्या : त्यस्ता सन्तानमा पूर्णरूपमा पुरुषत्व वा स्त्रीत्व हुँदैन ।

ठिक हुने र नहुने नपुंसकता

(क) चरक संहिता :

केचित् क्लैब्ये त्वसाध्ये द्वे ध्वजभङ्गक्षयोद्भवे । वदन्ति शेफसश्छेदाद्वृषणोत्पाटनेन च॥

कोही भन्दछन् कि ध्वजभङ्ग नपुंसकता र शुक्रक्षय नपुंसकताको उपचार हुँदैन । यसैगरी जननेन्द्रिय काटेर वा अण्डकोश निकालेर हुने नपुंसकताको पनि उपचार हुँदैन ।

(ख) माधव निदान :

क्लैब्यमसाध्यं निगदितं सहजाख्यं तु यथैव । ज्ञातव्यं भिषजोपघातजमपि चात्र तथैव॥

जसरी जन्मजात नपुंसकताको उपचार हुँदैन भनिएको छ त्यसरी नै उपघातजन्य नपुंसकताको पनि उपचार हुँदैन ।

क्षयोद्भवं च ध्वजभङ्गजातं क्लैबद्वयं चैतदसाध्यमेव ।
समामनन्तीति भिषग्जनेज्याः केचिन्निदानायनरीतिविज्ञाः॥
उत्पाटनाद्धि वृषणस्य तथैव शेफः संछेदतोऽधिगतजन्म नपुंसकत्वम् ।
चासाध्यमेव निगदन्ति निदानविज्ञाः पूर्णं कृतं प्रयतनं किल तत्र चोनम्॥

केही आचार्य क्षयजन्य तथा ध्वजभङ्गजन्य नपुंसकतालाई पनि ठिक नहुने खालको नपुंसकता भनी मान्दछन् । अन्य केही आचार्य अण्डकोश झिकिएको अवस्थाको तथा जननेन्द्रिय काटिएर हुने नपुंसकतालाई ठिक नहुने नपुंसकता भन्दछन् ।

(ग) सुश्रुत संहिता :

असाध्यं सहजं क्लैब्यं मर्मच्छेदाच्च यद्भवेत् । साध्यानामितरेषां तु कार्यो हेतुविपर्ययः॥

यी नपुंसकतामध्ये जन्मजात र नसा छिनेर हुने नपुंसकताको उपचार हुँदैन । बाँकी नपुंसकताको कारणको उल्टो उपचार गर्नाले उपचार सम्भव हुन्छ ।

(घ) हारीत संहिता :

समप्रकृतिर्यस्यान्यः सोऽप्यसाध्यतमः स्मृतः ।

जसको स्वभाव सधैं समान वा एकनासको वा उत्तेजित नहुने हुन्छ त्यस्तो खालको नपुंसकताको उपचार हुँदैन ।

नपुंसकताको उपचार

नपुंसकताको मूल उपचार वाजीकरण हो । जुन् पछि जानकारी गराइनेछ ।

(क) चरक संहिता :

शुक्रदोषेषु निर्दिष्टं भेषजं यन्मयाऽनघ । क्लैब्योपशान्तये कुर्यात् क्षीणक्षतहितं च यत्॥

हे पापहीन ! शुक्रदोषमा जेजस्ता ओखती मैले पहिले बताएँ ती तथा क्षतक्षीण रोगमा हितकारी भनिएका ओखती नै नपुंसकताको शान्तिका लागि प्रयोग गर्नुपर्दछ ।

बस्तयः क्षीरसर्पींषि वृष्ययोगाश्च ये मताः । रसायनप्रयोगाश्च सर्वानेतान् प्रयोजयेत्॥
समीक्ष्य देहदोषाग्निबलं भेषजकालवित् ।

वस्तिहरू, दूध, घिउ, रसायन-योग जस्ता सबै ओखती (उपचार) ओखती गर्ने समय जान्ने वैद्यले शरीर, रोग र पाचनशक्ति अनि बल हेरी प्रयोग गर्नुपर्दछ ।

व्यवायहेतुजे क्लैब्ये कुर्याद्धेतुविपर्ययात्॥
दैवव्यपाश्रयं चैव भेषजं चाभिचारजे । समासेनैतदुद्दिष्टं भेषजं क्लैब्यशान्तये॥

अति सहवासका कारण हुने नपुंसकतामा त्यसको कारणको उल्टो उपचार गर्नुपर्दछ । अर्थात् अति सहवासका कारण हुने नपुंसकता नाश गर्न सहवास त्यागी ब्रह्मचर्यमा रहनु हितकर हुन्छ । अभिचारजन्य नपुंसकतामा दैवव्यपाश्रय (बलि, मङ्गल, होम आदि) का माध्यमले उपचार गरिनु पर्दछ । संक्षेपमा नपुंसकताको उपचार बताइयो ।

सुस्विन्नस्निग्धगात्रस्य स्नेहयुक्तं विरेचनम्॥ अन्वासनं ततः कुर्यादथवाऽऽस्थापनं पुनः ।
दद्यान्मतिमान् वैद्यस्ततस्तमनुवासयेत्॥ पलाशैरण्डमुस्ताद्यैः पश्चादास्थापयेत्ततः॥

रोगीको शरीरलाई पहिले राम्ररी पसिना निकाल्ने, चिल्लो बनाउने र त्यसपछि चिल्लोयुक्त ओखती खुवाएर सदसा लगाउनु पर्दछ । यसपछि बुद्धिमान् वैद्यले अनुवासन वस्ति गराउनू । अनुवास वस्ति दिएपछि पलाँश, अँडिरको जरा आदिको प्रयोग गरी आस्थापन वस्ति दिनू ।

वाजीकरणयोगाश्च पूर्वं ये समुदाहृताः । भिषजा ते प्रयोज्याः स्युः क्लैब्ये बीजोपघातजे॥

बीजोपघातज नामक नपुंसकतामा वैद्यले पहिले बताइएका वाजीकरणका विधिलाई प्रयोग गर्न लगाउनू ।

ध्वजभङ्गकृतं क्लैब्यं ज्ञात्वा तस्याचरेत् क्रियाम् । प्रदेहान् परिषेकांश्च कुर्याद्वा रक्तमोक्षणम्॥

स्नेहपानं च कुर्वीत सस्नेहं च विरेचनम् । अनुवासं ततः कुर्यादथवाऽऽस्थापनं पुनः ॥
व्रणवच्च क्रियाः सर्वास्तत्र कुर्याद्विचक्षणः ।

ध्वजभङ्ग नपुंसकतामा प्रदेह, परिषेक, रगत निकाल्ने कार्य, चिल्लो खुवाउने कार्य, चिल्लोयुक्त ओखती खुवाएर दिसा लगाउने कार्य, अनुवासन वस्ति र आस्थापन वस्ति दिनू । बुद्धिमान् वैद्यले यस्तो अवस्थामा व्रणको जसरी सबै विधि गर्नू ।

जरासम्भवजे क्लैब्ये क्षयजे चैव कारयेत् ॥ स्नेहस्वेदोपपन्नस्य सस्नेहं शोधनं हितम् ।

बुढचौलीका कारण हुने तथा क्षयजन्य नपुंसकतामा चिल्लो खुवाउने, पसिना निकाल्ने तथा चिल्लोसहितको हितकारी प्रशोधन गराउनु पर्दछ ।

क्षीरसर्पिर्वृष्ययोगा वस्तयश्चैव यापनाः ॥ रसायनप्रयोगाश्च तयोर्भेषजमुच्यते ।
विस्तरेणैतदुद्दिष्टं क्लैब्यानां भेषजं मया ॥

बुढचौलीका कारण हुने तथा क्षयजन्य नपुंसकलाई दूध र घिउको वीर्यवर्धक मिश्रण, यापन वस्तिहरू तथा रसायनको प्रयोग ओखती हुन्छ ।

(ख) **भावप्रकाश संहिता :**

क्लैब्यानामिह साध्यानां कार्यो हेतुविपर्ययः । मुख्यं चिकित्सितं यस्मान्निदानपरिवर्जनम् ॥

जुन जुन नपुंसकता उपचार गरेर निको हुन्छ त्यसलाई निको पार्न ती ती रोग लाग्ने कारण त्यागिदिनु पर्दछ । यही नै ती रोगको मुख्य उपचार हो ।

(ग) **सुश्रुत संहिता :**

आसेक्यश्च सुगन्धी च कुम्भीकश्चेर्ष्यकस्तथा । सरेतसस्त्वमी ज्ञेया अशुक्रः षण्ढसंज्ञितः ॥

यिमध्ये आसेक्य, सुगन्धि, कुम्भीक र ईर्ष्यक : यी चार थरी नपुंसक भएपनि शुक्रसहितका हुन्छन् । तर षण्ढमा शुक्र हुँदैन ।

अनया विप्रकृत्या तु तेषां शुक्रवहाः सिराः ।
हर्षात्स्फुटत्वमायान्तिध्वजोच्छ्रायस्ततो भवेत् ॥

शुक्रभक्षण आदि विरुद्ध वा विशेष आदतले शुक्रवाही नसा हर्षले गर्दा फुल्ने गर्दछ त्यसैले यिनको जननेन्द्रिय उत्तेजित हुन्छ । उल्लेखित कारणको उत्पादक केन्द्र दिमाग तथा मेरुदण्डका केन्द्र यिनको उत्तेजित हुँदैन ।

(घ) हारांत सांहेता :

मनःक्षये मनोद्रेको मुग्धस्त्रीसहसङ्गमः ॥ सरागविभ्रमकथालापैः सम्वर्द्धते मनः ।

मन मर्दा मनलाई ठिक गर्न सुन्दर र सोझी पत्नीसँग सहवास गराउनू । मायालु भाषाको चापलुसी, स्त्रीसम्बन्धी कथाप्रसङ्ग आदिले मनको चाहना बढाउनू ।

॥ समाप्त ॥